**<u>मिति २०८१। ०१।२४ गते बसेको निस्दी गाउँपालिकाको ५८ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु</u>**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा  तथा रिपोटिङ्ग सम्बन्धमा ।

२. सार्वजनिक सुनुवाइ तथा अर्धवार्षिक समिक्षा सम्वन्धमा ।

३.  लोक सेवा आयोग कक्षा संचालन सम्वन्धमा ।

४. स्थानिय पूर्वाधार सहयोग कार्यक्रम सम्वन्धमा ।

५. विविध ।

२०८१/१/२४

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर साह
अध्यक्ष

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

**मिति २०८१।०१।२४ गते बसेको निस्दी गाउँपालिकाको ५८ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा गइरहेको पाइयो ।सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन , जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा आ व २०८०।०८१ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाइ तथा अर्धवार्षिक समिक्षा कार्यक्रम मिति २०८१।०२।०७ गते संचालन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा  चालु आ व २०८०/०८१ को लोक सेवा आयोग तयारी कक्षा संचालन जेष्ठ महिनामा संचालन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा  स्थानिय पूर्वाधार सहयोग कार्यक्रमको आशयपत्रको प्रस्ताव संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष पेश गर्नको लागी गाउँ कार्यपालिकाको कार्यालयलाइ निर्देशन दिइयो । उक्त प्रस्ताव पेश गर्न तपसील अनुसारको प्रतिबद्दता गर्ने सर्वसम्मत निर्णय गरियो ।

- स्थानीय पूर्वाधार सम्वन्धी योजना तथा बजेट निर्माण गर्ने गरि विकासका नविनतम् तरिका र विधि अवलम्वन गर्ने
- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त सह लगानीलाइ वार्षिक कार्यक्रम तथा वजेटमा समावेश गरी खर्चको लेखा जोखा सुत्र प्रणाली मार्फत गर्ने र लेखा परिक्षण गराउने
- वार्षिक योजना र बजेटमा ग्रामिण सडक , साना सिंचाइ ,खानेपानी र सरसफाइ ,भवन मर्मत , विपद् जोखिम न्यूनीकरण , जलवायू उथ्थानशिल र वैकल्पिक उर्जा सम्वन्धी क्षेत्रमा स्थानीय पूर्वाधार कार्यक्रम संग आवश्यकता अनुसार सहलगानीमा कार्य गर्ने
- पूर्वाधार सेवा प्रवाह एवम् मर्मत सम्वन्धी कार्यविधि/ निर्देशिका तयार गर्ने
- पालिका अन्तरगतका पूर्वाधारहरुको विवरण तयार तथा अधावधिक गरी स्थानिय पूर्वाधार मर्मत संम्भारको योजना र बजेट तर्जुमा गर्ने
- सडक गुरुयोजना तर्जुमाको प्रक्रिया सूचारु भएको र वास प्लान तर्जुमाको चरण सुरु भएको

अर्याल
अधिकृत

सुक बहादुर शाह
अध्यक्ष

५. प्रस्ताव नं ५ विविध माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क) विषयगत समितिको वैठक २०८१ वैसाख महिनामा वस्नको लागि निर्देशन गरियो ।

ख) १५ शैया अस्पताल भवन माथिबाट पहिरोको जोखिम रहेकोले पहिरो नियन्त्रणको योजना वनाउन तथा वृक्षारोपण गर्न गाउँ कार्यपालिकाको कार्यालयलाइ निर्देशन दिइयो ।

ग) आ व २०८०/०८१ मा विभिन्न मितिमा आगलागी बाट घर जलेका परिवारलाइ जस्ता पाता खरिदको लागि लागत अनुमान र मूल्यांकन अनुसार अआर्थिक सहयोग गर्ने निर्णय गरियो । साथै निस्दी-३ झिरुवासको मोहरीयामा हावाहुरीले कुचो संकलन केन्द्र क्षति गरेकोले जस्ता पाता खरिदको लागी लागत अनुमान र मूल्यांकन अनुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

घ) निस्दी-०४ मित्याल रुक्सेभञ्ज्याङ्ग निवासी श्री अनुशा सुनारीको कान्छी छोरी १५ महिनाको अन्जना सुनारी दुर्घटनामा परेकोले उपचार खर्चको लागि रु २५ हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

ङ) सहायक चौथो तहका स्थाइ कर्मचारी यस कार्यालयमा नियुक्ति भएकोले सहायक चौथो तहका प्राविधिक करार कर्मचारीलाइ २०८१ असार मसान्त सम्म मुख्य प्रशासनिक भवन ,१५ शैया अस्पताल , वडा भवनको ठेक्का हेर्ने र नयाँ प्राविधिक कर्मचारीलाइ सहयोग गर्ने गरी कामकाजमा लागाउने निर्णय गरियो ।

च) यस गाउँकार्यपालिका वैठकमा प्रवक्ता तथा सामाजिक विकास समिति संयोजक श्री मेख बहादुर सुनारी ज्यू ले युवा मैत्री स्थानिय शासन कार्यक्रमको महत्व वारेमा जानकारी दिनु भयो ।

छ) कोल्चेन सव सेन्टर निस्दी-०४ मित्यालमा स्थापना गर्ने निर्णय गरियो ।

२०८१।१।२८

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर साह
अध्यक्ष